शितगंगा नगरपालिका को मिति २०७५ ११ १० गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

१. नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

२. "घ" वर्गको इजाजत पत्र प्रदान सम्बन्धमा ।

३. सम्मान गर्ने सम्बन्धमा ।

४. पर्यटन अर्न्तक्रिया गोष्ठी सम्बन्धमा ।

५. विषयगत समितका बैठक सम्बन्धमा ।

५. विषयगत समितका बैठक सम्बन्धमा ।

६. सुकुम्बासीको तथ्याङ्क संकलन सम्बन्धमा ।

७. निःशुल्क बिद्युत मिटर जडान सम्बन्धमा ।

८. लिफट खानेपानी तथा सिंचाई योजनाहरुको बिद्युत महशुल छुट सम्बन्धमा ।

९. विज्ञापन कर सम्बन्धमा ।

१०. नगर सभावाट स्वीकृत योजनाहरु संसोधन सम्बन्धमा ।

निर्णयहहरु

१. नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

शितगंगा नगरपालिकाको चौथो नगर सभ मिति २०७५/११/23 गते बिहान ११.00 बजे ठाडाको सामुदायिक भवनमा गर्ने निर्णय गरियो ।

२. "घ" वर्गको इजाजत पत्र प्रदान सम्बन्धमा ।

शितगंगा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुराई परिच्छेद तीन बमोजिमको मुल्याङ्कन समितिबाट समेत सिफारीस भई प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश हुन आएको संचालक शितगंगा नगरपालिका वडा नं. ४ निवासी श्री तिलकमणी अधिकारी रहेको मिम्ना कन्स्ट्रक्सन शितगंगा नगरपालिका वडा नं. ४ अर्घाखाँची नामको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

३. सम्मान गर्ने सम्बन्धमा ।

हालको शितगंगा नगरपालिका क्षेत्र भित्र जन्म भई यस नगरपालिकाको बिभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने डाक्टर, इन्जिनियर, वकाल, सरकारी कर्मचारी, साहित्यकार, छुट भएका सहिद परिवार, जग्गादाता तथा कलाकार समेतलाई मिति २०७५ ११ २२ गतेका दिन सम्मान गर्ने प्रयोजनका लागि वडा कार्यालय मार्फत ५ दिन भित्र यस नगरपालिकामा नामावली उपलब्ध गराउने निर्णय गरियो ।

४. पर्यटन अर्न्तक्रिया गोष्ठी सम्बन्धमा ।

यस नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्ने कार्यको लागि एक बृहत पर्यटन सम्बन्धि अर्न्तक्रिया गोष्ठीको आयोजना गर्ने र सो गोष्ठी संघीय सांसद, प्रदेश सभा सांसद, तथा शितगंगा नगरपालिकाका प्रबुद्ध व्यक्तिहरुलाई सहभागि गराउन उल्लेखित व्यक्तित्वहरुको अनुकुल समय मिलाई गर्ने निर्णय गरियो ।

५. विषयगत समितका बैठक सम्बन्धमा ।

आवश्यक समय मिलाई यस नगरपालिकाका

मिति २०७५।११।२३ गते हुने चौथो नगर सभा भन्दा पहिले गरी कार्यपालिका मार्फत नगर

विभिन्न विषयगत समितिहरूको बैठक बसी आवश्यक नीतिगत निर्णयहरू बमोजिमका समितिहरूमा तपशिल

सभामा लैजाने निर्णय गरियो । उक्त प्रयोजनको लागि तपशिल

बमोजिमका कर्मचारीहरूलाई सदस्य सचिव तोक्ने निर्णय गरियो ।

(क) सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति - सुमन पन्थ शाखा अधिकृत

(ख) आर्थिक विकास समिति - ओम प्रकाश पाण्डे ना.सु

(ग) सामाजिक विकास समिति - माधव बन्जाडे शिक्षा अधिकृत

(घ) पूर्वाधार विकास समिति - नुगलाल खनाल ना.सु

(ङ) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन समिति - हुम बहादुर लामिछाने

(च) विधेयक समिति - नारायण प्रसाद भण्डारी प्रमुख प्रशासकीय अधिकृत

६. सुकुम्बासीको तथ्याङ्क संकलन सम्बन्धमा ।

नेपाल राज्य भित्र आफ्नो वा आफ्ना अंशको सम्बन्धमा हकवालाको नाममा कतिपनी जग्गा जमिन नभएका (जग्गाको उपभोग गरेका तर लाल पुर्जा प्राप्त नगरेका अव्यवस्थित बासोबासी बाहेक) परिवारको विवरण वडा कार्यालय मार्फत संकलन गर्ने निर्णय गरियो ।

७. निःशुल्क विद्युत मिटर जडान सम्बन्धमा ।

नेपाल विद्युत प्राधिकरण अर्घाखाँची वितरण केन्द्र सन्धिखर्कको च.नं. ४३८ मिति २०७५।११।८ गतेको पत्रबाट नेपाल विद्युत प्राधिकरणको लक्षित वर्गको रूपमा रहेका अति विपन्न तथा सांस्कृतिक महत्वका सम्पदाहरूमा नेपाल विद्युत प्राधिकरणको नर्मको आधारमा ६ एम्पीयर लोड स्वीकृत र अधिकतम १०० मीटर सम्मको एल.टि लाईन विस्तार गर्ने तथा ५/३० एम्पीयर क्षमताको सिंगल फेज इनर्जी मिटर तथा जडान शुल्क निःशुल्क गराउने प्रयोजनको लागि १० दिन भित्र प्राथमिकता क्रम अनुसार विवरण उपलब्ध गराउन भनि लेखि आएकोले उक्त अनुसारको विवरण मिति २०७५।११।१७ गते भित्र वडा कार्यालय मार्फत यस नगरपालिकामा पठाउने निर्णय गरियो ।

८. लिफ्ट खानेपानी तथा सिंचाई योजनाहरूको विद्युत महशुल छुट सम्बन्धमा ।

यस नगरपालिका भित्र संचालन भएका लिफ्ट खानेपानी तथा सिंचाई योजनाहरूमा विद्युत मिटर जडान भई उर्जा खपत गरेबापतको शुल्क छुटको लागि उर्जा तथा जलश्रोत मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

९. विज्ञापन कर सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार विज्ञापन कर संकलन गर्ने कार्य सम्बन्धित स्थानीय तहलाई भएकोले सो कर सम्बन्धमा प्रति वर्ष न्यूनतम रू १०००००/- नघट्ने गरी कसैले माग गरेमा पहिलो माग कर्तालाई प्रति वर्ष १० प्रतिशत बढाउने गरी बढीमा ३ वर्षको लागि ठेक्का निर्णय गरियो ।

४. नगरसभाबाट स्वीकृत न.पा.वडा तथा तपशिल बमोजिमका योजनाहरू संसोधनको लागि माग भई आएकोमा तपशिल बमोजिम संसोधन गर्ने निर्णय गरियो

तपशिल

| | | | |
|---|---|---|---|
| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना कार्यक्रम | रकम |
| सुपा खा.पा. मर्मत शिनपा ४ (वडा तर्फ) | १०००००। | साविक ठाडा ३ र ४ खानेपानी योजना मर्मत | १०००००। |
| गतको बैठक बाट सुपा खा.पा. मर्मत शिनपा ४ (वडा तर्फ) | ५००००। | साविक ठाडा ३ र ४ खानेपानी योजना मर्मत | ५००००। |
| अमरेश्वर शिव मन्दिर आश्रम (न.पा. आन्तरिक) | ३०००००। | अमराई शिव मन्दिर तथा आश्रम निर्माण योजना | ६००००० |
| सामुदायिक भवन अमराई (वडा तर्फ) | २००००० | | |
| जाली भर्ने कार्य अमराई (गतको मौज्दात वि) | १००००० | | |
| | | खानेपानी पाईप खरिद | १००००० |
| वडा चिसो टंकी तथा मुल संरक्षण (न.पा. आ) | २८०००० | खरका छाना विस्थापितको लागि जस्तापाता खरिद | १८०००० |
| गगारखोला जलाधार संरक्षण (न.पा. चालु) | १००००० | पोखेडाडा वैसका [illegible] बाध मर्मत | १००००० |

शितगंगा नगरपालिका को मिति २०७५ १० २३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

१. झो.पु हेर्ने गैससको म्याद थप गर्ने सम्बन्धमा ।

२. नदी जन्य पदार्थ ठेक्का व्यवस्थापन सम्बन्धमा ।

३. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि बमोजिम समितिमा मनोनय सम्बन्धमा ।

४. नगर सभाबाट स्वीकृत योजनाहरू संसोधन सम्बन्धमा ।

५. लेखा समितिबाट प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

निर्णयहहरु

१. झो.पु हेर्ने गैससको म्याद थप गर्ने सम्बन्धमा

यस जिल्लाका विभिन्न स्थानमा निर्माण हुने झोलुङ्गे पुलहरमा प्राविधिक र सामाजिक कार्य गर्न मिति २०७४/११/२३ गते साविकको जिल्ला प्राविधिक कार्यालय र ग्रामीण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल अ.खा. विच ३ वर्षको लागि सम्झौता भई उक्त संस्थाले तोकिएबमोजिमको कार्य गर्दै आएकोमा राज्य पूनः संरचना पश्चात हाल सम्बन्धित पालिका भित्र पर्ने झो.पु. [illegible] पालिकालाई प्रदान गरि अख्तियारी समेत प्राप्त भएकोमा सो संस्था संग साविकको [illegible] कार्यालय सँग भएको सम्झौता बमोजिम नै हुने गरी बाँकी अवधिको लागि यस न.पा. भित्र निर्माण हुने झो.पु.हरुको प्राविधिक तथा सामाजिक कार्य गर्न म्याद थप गर्ने निर्णय गरियो ।

२. नदी जन्य पदार्थ घाटगद्दी स्थान, परिमाण र न्यूनतम रकम तोक्ने सम्बन्धमा ।

प्रदेश सरकारबाट जारी भएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण, जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसका आधारमा राष्ट्रपती चुरे तराई मधेस संरक्षण विकास समितिमा सहमती माग गरेएकोमा सो समितिबाट निम्न नदी तथा खोलाहरूको लागि तपशिल बमोजिमको परिमाणमा उत्खनन, संकलन तथा बिक्रीको लागि सहमती प्राप्त भएको हुँदा उक्त कार्य विधिको दफा ७ को (२) बमोजिम घाट गद्दी गर्ने स्थान तोकी सम्झौता गर्न निम्न अनुसारको न्यूनतम अङ्क कायम गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपशिल

| खोला/घाटको नाम | उत्खनन गर्न सकिने परिमाण घन मिटरमा | सूचनाको लागि न्यूनतम कायम अङ्क रु | घाट गद्दी गर्ने स्थान |
|---|---|---|---|
| राप्ती नदी - राप्ती बगर गढवा गा.पा. सिमाना क्षेत्र | ४४५५ | ४७१९.१८ | दक्षिणकाली केसर आसपासको क्षेत्र |
| राप्ती नदी - लाहापे झोलुङ्गे पूल क्षेत्र | ८३३९.३५ | ८५८८०९ | ८ नं. वडा कार्यालयको आसपास |
| राप्ती नदी -राप्ती बगरको पल्टेडाडा उत्तर तर्फको क्षेत्र | [illegible] | १०२२[illegible] | पल्टेडाडा आसपास |
| राप्ती नदी- दमारखर्क झो.पु बाट दक्षिण तर्फ डमरेखर्कको बगर क्षेत्र सम्म, | ३३०० | ३४९५६१ | सरुमारानी गा.पा.को रानी बगर |
| राप्ती नदी - लामाताल क्षेत्र | १२९९.३८ | १३०६४३ | लामाताल आसपास |
| राप्ती नदी सितखोला - सितखोला दोभान दमारखेर्शा बगर क्षेत्र | [illegible] | १३१०८८ | दमारखेर्शा बगर |
| रङ्गसिङ्ग खोला - भक्कुचोक देखि नयाँबस्ती सम्मको क्षेत्र | १४४३३.५० | १५२९३६४ | रागाकाटे चौर |
| रङ्गसिङ्ग खोला- राजमार्ग पुलबाट ५०० मीटर माथि | [illegible] | ४२११४४ | तीन खण्डे चौर |

शितगंगा नगरपालिका को मिति २०७५ १० ८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

१. नदी जन्य पदार्थ घाटगद्दी रकम तोक्ने सम्बन्धमा ।

२. करार सेवामा कार्यरत कर्मचारीहरुको सुविधा सम्बन्धमा ।

३. नगर सभाबाट स्वीकृत योजनाहरु संसोधन सम्बन्धमा

४. नगर गुरु योजना तथा नगर प्रोफाईल निर्माण सम्बन्धमा ।

५. आन्तरिक ठेक्का सम्बन्धमा ।

६. म्याचिङ्गबाट रकम विनियोजन सम्बन्धमा ।

७. बिभिन्न कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

८. प्रगती समिक्षा सम्बन्धमा ।

९. विद्युत प्राधिकरण कार्यालय अ.खा.को बजेट विनियोजन सम्बन्धमा ।

१०. प्रदेश तर्फ विद्यालयको पूर्वाधार निर्माण माग गर्ने सम्बन्धमा ।

११. बर्थिङ्ग सेन्टर माग गर्ने सम्बन्धमा ।

१२. निःशुल्क वितरण गर्ने औषधि माग गर्ने सम्बन्धमा ।

१३. सुरत मनस्थिति भान्साघर भवन माग गर्ने सम्बन्धमा ।

१४. एफ एम रेडियो संचालन सम्बन्धमा ।

निर्णयहरु

१. नदी जन्य पदार्थ घाटगद्धी रकम तोक्ने सम्बन्धमा ।

प्रदेश सरकारबाट जारी भएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा १० मा नदीजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्री वितरण गर्ने सम्बन्धमा संकलन, भण्डारण र घाटगद्दीको व्यवस्था गरेकोमा सोही कार्यविधिको दफा ११ को (३) मा सम्झौता बमोजिमको दररेटमा नबढाई घाटगद्धी स्थलबाट बिक्री वितरण गर्नु पर्ने भन्ने उल्लेख भएकोले प्रदेश सरकारबाट पहाडी जिल्लाको लागि राजश्व रकम प्रति क्यू फिट मुअकर बाहेक रु ३ तोकिएकोले ठेक्का लिने व्यवसायिले घाट गद्धी गर्दा हुने खर्च यस नगरपालिकाको क्षेत्र भित्रका खोलाहरुको लागि प्रति क्यूफिट रु १० कायम गरी राजश्व समेत अधिकतम प्रति क्यू फिट रु १३ तोकी अधिकतम रकमको परिधि भित्र रही सोही बमोजिम सम्झौता गर्ने गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

२. यस नगरपालिका अन्तंगत करार सेवामा नियुक्त भई ६ महिनाको अवधि पुरा भएका कर्मचारीहरुलाई सो अवधि पश्चात नियमानुसार प्राप्त हुने चाडपर्व खर्च, पोशाक भत्ता तथा महंगी भत्ता प्रदान गर्ने निर्णय गरियो । साथै स्वास्थ्य तर्फ कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुलाई मासिक रु ७०००।- दिईदै आएकोमा मिति २०७५ साल माघ १ गते देखि मासिक रु १००००।- दिने गरी करार सम्झौता संसोधन गर्ने निर्णय गरियो ।

३. नगरसभाबाट स्वीकृत न.पा./वडा तर्फ तर्जुमा बमोजिमका योजनाहरु संसोधनको लागि माग भई आएकोमा

वडा नं. १२

| साविकको योजना कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संशोधन गरिए कायम गरिएको योजना कार्यक्रम | रकम |
|---|---|---|---|
| नमुना विद्यालय संचालन अनुदान | १००००० | गौरा मा.वि. गेटको ढोका निर्माण र तारबार कार्य | १००००० |
| जम्मा | १००००० | जम्मा | १००००० |

वडा नं. १

| साविकको योजना कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संशोधन गरिए कायम गरिएको योजना कार्यक्रम | रकम |
|---|---|---|---|
| विभिन्न पोखरी मर्मत सुधार | १००००० | महेन्द्र आ.वि.घेरेरा मर्मत | १००००० |
| जम्मा | १००००० | जम्मा | १००००० |

वडा नं. ४

| साविकको योजना कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संशोधन गरिए कायम गरिएको योजना कार्यक्रम | रकम |
|---|---|---|---|
| सामुदायिक भवन अमराई | २५०००० | अमराई शिव मन्दिर | २००००० |
| | | सुगा खानेपानी मर्मत | ५०००० |
| जम्मा | २५०००० | जम्मा | २५०००० |

वडा नं. ३

| साविकको योजना कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संशोधन गरिए कायम गरिएको योजना कार्यक्रम | रकम |
|---|---|---|---|
| विद्युत पोल खरिद | ५००००० | खानेपानी तथा सिंचाई पाईप खरिद | ३२०००० |
| | | जस्ता पाता खरिद | १८०००० |
| जम्मा | ५००००० | जम्मा | ५००००० |

न.पा. सामाजिक विकासको लैङ्गिक समानता तथा सामाजिक समावेशी करण तर्फ

| साविकको योजना कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संशोधन गरिए कायम गरिएको योजना कार्यक्रम | रकम |
|---|---|---|---|
| अपाङ्गको लागि लोकसेवा आयोग परिक्षा तयारी तालिम संचालन | २००००० | अपाङ्गहरुको क्षमता विकास कार्यक्रम | २००००० |

| जम्मा | २०००० | जम्मा | २००००० |
|---|---|---|---|

४. यस नगरपालिकाको आवधिक योजना निर्माणको लागि चालु आ.व.मा विनियोजित वजेट बाट नपुग हुने भएको र चालु आ.व.को वजेटवाट नै एकिकृत बस्ती विकास सम्भाव्यता अध्ययन भनि रू ५०००००।- वजेट विनियोजन भएकोमा हाल उक्त एकिकृत बस्ती विकास सम्भाव्यता अध्ययनको कार्य नहुने भएकोले सो रकम रू ५०००००।- समेत आवधिक योजना निर्माणको लागि विनियोजित रकममा थप गरी नगर आवधिक योजना निर्माण गर्ने निर्णया गरियो । साथै नगरपालिकाको पार्श्वचित्र निर्माणको लागि चालु आ.व.मा विनियोजित वजेट बाट नपुग हुने भएकोले गतको मौज्दात तर्फको वजेट विनियोजन हुदा म्याचिङ्ग शिर्षकमा रहेको रकमबाट रू ५०००००।- थप गरी यस नगरपालिकाको पार्श्वचित्र निर्माण गर्ने निर्णय गरियो ।

५. आन्तरिक ठेक्का सम्बन्धमा विक्रम पावरा रिम्लपानी सडक पूर्वाधार उपयोग कर संकलनको लागि तेस्रो पटक सूचना प्रकाशन गर्दा नगरसभाबाट तोकिएको न्यूनतम रकम रू ८०००००।- कायम गरी पटक पटक सूचना प्रकाशन गर्दा धरौटी जफत तथा सम्झौता गर्न भनि यस न.पा.मा जम्मा गरेको रकम रू १०००००।- समेत छोडी सम्झौता गर्न नआएको र चालु आ.व.को अवधि समेत ६ महिना व्यतित भईसकेकोले बाँकी अवधिको लागि न्यूनतम रू ५००००।- कायम गरी सूचना प्रकाशन मार्फत वढावढ गराइ ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

६. म्याचिङ्गबाट रकम विनियोजन सम्वन्धमा ।

गत आ.व.को न.पा. वित्तिय समानीकरण अनुदान तर्फ वचत रहेको रकम विनियोजन हुँदा म्याचिङ्ग शिर्षकमा रहेको रकमवाट तपशिल अनुसार भएका कार्यक्रमहरूको भुक्तानी र कार्य गर्न रकम विनियोजन गर्ने निर्णय गरियो ।

(क) वराहदह माघी महोत्वसमा भएको खर्च भुक्तानीको लागि रू ५००००।-

(ख) अर्घाखाँची कलाकार समाजले गरेको कार्यको भुक्तानी भुक्तानीको लागि रू ५००००।-

(ग) रजिया लिफ्ट खानेपानी मोटर मर्मत गर्न रू ८००००।-

७. विभिन्न कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।

यस नगरपालिका नगरकार्यपालिकाको कार्यालय ठाडा बाट पेश भएका निम्न कार्यविधिहरू स्वीकृत गर्ने निर्णय गरियो ।

(क) अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण कार्यविधि २०७५

(ख) कृषि उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि २०७५

(ग) पशु उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि २०७५

८. प्रगती समिक्षा सम्वन्धमा ।

चालु आ.व.मा नगरकार्यपालिकावाट कार्यान्वयन हुने गरी विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भई कार्यान्वयनको अवस्थामा रहेको सन्दर्भमा चालु आ.व.को प्रथम चौमासिक अवधिमा भएको [illegible] प्रगती सम्वन्धमा छलफल भयो । समयमै वजेट विनियोजन भएतापनि प्रथम चौमासिक अवधिमा

हुनु पर्ने कार्य हुन नसकेकोले वडा अध्यक्ष तथा नगर कार्यपालिकाका सदस्यहरूले आ–आफ्नो वडा भित्रका योजनाहरू समयमै कार्यान्वयन गर्न लगाई फरफारक गराउने निर्णय गरियो ।

९. विधुत प्राधिकरण कार्यालय अ.खा.को वजेट विनियोजन सम्वन्धमा ।

विधुत प्राधिकरण कार्यालय अ.खा.को आ.व. ०७४/०७५ ग्रामिण विधुतिकरणको लागि प्राप्त थप वजेट मध्ये सिमलपानी गाविस वडा नं. ५ हलेदुङ्, छडाहा सुखौरा र सिद्धारा गाविसको लागि भनि रू १००००००।- वजेट विनियोजन भएकोमा सो रकमवाट साविकको सिमलपानी गाविसको गन्दी, करेचुली, ढाव, सुखौरा, मुसियान को लागि रू ६०८८०००।- र सिद्धाराको वाके ढोडेनी सामकोट को लागि रू १५०००००।-, सिद्धारा लौरी को लागि रू २५००८००।- विनियोजन गरी सोही वमोजिम कार्य गर्न नेपाल विधुत प्राधिकरण अर्घाखाँचीलाई सिफारिस गर्ने निर्णय गरियो ।

१०. प्रदेश तर्फ विद्यालयको पूर्वाधार निर्माण माग गर्ने सम्वन्धमा ।

प्रदेश तर्फको चालु आ.व.को कार्यक्रम अनुसार विद्यालय भौतिक पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत यस न.पा. को वडा नं. ४ मा पर्ने ज्योती उ.मा.वि.को चार कोठे भवन भौतिक पूर्वाधार साझेदारी कार्यक्रम मार्फत संचालनको लागि प्रदेश सरकारमा माग गर्ने निर्णय गरियो ।

११. वर्थिङ् सेन्टर माग गर्ने सम्बन्धमा ।

यस शितगंगा नगरपालिका भौगोलिक रूपमै नेपालको सवैभन्दा ठूलो नगरपालिका भएकोले नगरवासीहरू स्वास्थ्य सेवाको पहुचवाट टाढा भएको हुदा शुलभ स्वास्थ्य सेवा उपलव्ध गराउने उदेश्यले नगर क्षेत्र भित्रको विभिन्न स्थानमा थप स्वास्थ्य संस्थाहरू स्थापना गरी संचालन गरिदै आएकोमा निम्न संस्थाहरूमा वर्थिङ् सेन्टर स्थापनाको लागि सामाजिक विकास मन्त्रालय ५ नं. प्रदेश वुटवलमा माग गर्ने निर्णय गरियो।

तपशिल

(क) लामिदमार स्वास्थ्य केन्द्र शिनपा ६ अ.खा.

(ख) पावर स्वस्थ्य केन्द्र शिनपा १४ अ.खा.

(ग) लाहापे स्वस्थ्य केन्द्र शिनपा ८ अ.खा.

(घ) सितापुर स्वस्थ्य केन्द्र शिनपा २ अ.खा.

१२. निःशुल्क वितरण गर्ने औपधि माग गर्ने सम्वन्धमा ।

यस शितगंगा नगरपालिका भौगोलिक रूपमै नेपालको सवैभन्दा ठूलो नगरपालिका भएकोले नगरवासीहरू स्वास्थ्य सेवाको पहुचवाट टाढा भएको हुदा शुलभ स्वास्थ्य सेवा उपलव्ध गराउने उदेश्यले नगर क्षेत्र भित्रको विभिन्न स्थानमा थप स्वास्थ्य संस्थाहरू स्थापना गरी संचालन गरिदै आएकोले नेपाल सरकारले निःशुल्क उपलव्ध गराउने भनेका औपधिहरू जनतालाई उपलव्ध गराउन थप औपधि आवश्यक भएकोले निःशुल्क उपलव्ध गराउने औपधि सामाजिक विकास मन्त्रालय ५ नं. प्रदेश वुटवलमा माग गर्ने निर्णय गरियो ।

१३. सुरत मनस्थिति भान्साघर भवन माग गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको वडा नं. २ सितापुरमा रहेको नगर क्षेत्र भित्रको एक मात्र सुरत मनस्थिति विद्यालयमा भान्साघर नभएकोले सुस्त मनस्थिति भएका विद्यार्थिहरूको लागि निकै कठिनाई भएकोले सो मा भान्सा घर निर्माण गर्न लाग्ने आवश्यक वजेट प्रदेश सरकार ५ नं. प्रदेश वुटवलमा माग गर्ने निर्णय गरियो ।

१४. एफ एम रेडियो संचालन सम्वन्धमा ।

यस शितगंगा नगरपालिकाको ठाडामा शितगंगा सञ्चार गृह नामक संस्था मार्फत शितगंगा एफ. एम. रेडियो संचालन गर्न लागेको र संचार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरवारको च.नं. ६५२ मिति २०७५/३/३२ को पत्रवाट प्रदेश सरकार वा स्थानीय तहवाट पूर्ण लगानीमा संचालन गर्न अनुरोध भई आएमा कानून वमोजिम इजाजत पत्र दिने तर प्रदेश सरकार वा स्थानीय तहले ५० प्रतिशत भन्दा वढी लगानी गरी अन्य संस्थासंगको साझेदारीमा सचालन गर्ने गरी साझेदारीको सम्झौता सहित अनुरोध भई आएमा यस मन्त्रलयको लिखित सहमति लिएर मात्र  कानून वमोजिम इजाजत पत्र दिने भनि सुचना तथा प्रसारण विभागलाई लेखेकोले सो वमोजिम साझेदारीमा शितगंगा सञ्चार गृह नामक संस्था मार्फत शितगंगा एफ. एम. रेडियो संचालन गर्न शितगंगा संचार गृह सँग सम्झौता गर्ने निर्णय गरियो ।